# CAMBRIDGE मालीको मार्गदर्शक



## कार्यक्रमको जानकारी

Cambridge gardening कार्यक्रमको लक्ष्य हाम्रो घना सहरी वातावरणमा बासिन्दाहरूलाई खानेकुरा उब्जाउन र समुदाय निर्माण गर्न ठाउँ दिनु हो। सहरभरि 14 वटा सार्वजनिक, स्वागतयोग्य बगैँचाहरूका साथमा हामी आशा गर्छौं कि तपाईंले खानेकुरा उब्जाउनु हुने छ, सम्बन्धहरू बढाउनु हुने छ र आफ्नो छिमेकमा सुन्दरता र शान्ति थप्नु हुने छ। यो मार्गदर्शकले तपाईंलाई सफलतापूर्वक बगैँचाको काम गर्न मद्दत गर्ने उत्तम अभ्यासहरू प्रदान गर्दछ। आनन्द लिनुहोस्!

## बगैँचास म्बन्धी मार्गनिर्दे शनहरू

- **आफ्नो जग्गाको नियमित मर्मतसम्भार गर्नुहोस्:** रोप्नुहोस्, पानी दिनुहोस्, झारपात हटाउनुहोस् र कटानी गर्नुहोस्।
- **घरमै बनाइएका संरचनाहरू नबनाउनुहोस्:** अस्थायी वा हस्तनिर्मित संरचनाहरू निर्माण नगर्नुहोस्—तिनीहरू असुरक्षित हुन सक्छन् र अनुमति छैन।
- **जिम्मेवारीपूर्वक उत्पादन गर्नुहोस्:** आक्रमणकारी बिरुवाहरू नरोप्नुहोस् र बिरुवाहरूलाई छिमेकी जग्गाहरूमा फैलिन वा छायाँ पार्न नदिनुहोस्।
- **आफ्नो ठाउँ अधिकतम बनाउनुहोस्:** मौसमअनुसार रोप्नुहोस्—जस्तै, वसन्त ऋतुमा सागपछि गर्मी मौसममा गोलभेँडा रोप्नुहोस्।
- **आफ्नो माटोको हेरचाह गर्नुहोस्:** कम्पोस्ट, जैविक मल्च, बाली छोप्ने, बाली परिक्रमण र जैविक माटोको मिश्रण प्रयोग गर्नुहोस्। कुनै पनि कीटनाशक वा कृत्रिम मल प्रयोग गर्ने अनुमति छैन।
- **मद्दतको अनुरोध गर्नुहोस्:** प्रश्न वा चिन्ताहरूका लागि आफ्नो बगैँचा संयोजक वा सहरका कर्मचारीलाई सम्पर्क गर्नुहोस्।
- **सचेत रहनुहोस्:** सुरक्षाका समस्याहरू वा टुटफुट भएका पूर्वाधारका बारेमा तुरुन्तै आफ्नो संयोजक वा सहरका कर्मचारीहरूलाई रिपोर्ट गर्नुहोस्।
- **समुदाय निर्माण गर्नुहोस्:** साथी मालीहरूलाई चिन्नुहोस् र आफ्नो बगैँचाको ठाउँमा संलग्न रहनुहोस्।

**सम्पर्कहरू**
communitygardens@cambridgema.gov
jletourneau@cambridgema.gov